**आकाशवाणी समाचार- नेपाली**
**मितिः ०७ अप्रेल २०२६**
**समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)**

## प्रमुख समाचार

- असम, केरलम अनि केंद्र शासित प्रदेश पुद्दुचेरीमा हुने विधानसभा चुनावका लागि प्रचार अभियान आज समाप्त हुनेछ।

- सरकारले पश्चिम एशियामा चलिरहेको संघर्ष बीच आश्वासन दिएको छ की देशमा खाद्यान्नको पर्याप्त भंडार छ।

- वित्तमंत्री निर्मला सीतारामनले भन्नुभयो भारतको कर प्रणाली सरलीकरण, प्रौद्योगिकी, विश्वास अनि पारदर्शिताको दिशामा विकसित भएको छ,

- अमरीकाका राष्ट्रपति डॉनल्ड ट्रंपले ईरानलाई आज रातीसम्म समझौता सहमत नभए चार घंटाभित्र ईरानलाई पूर्ण रुपमा सर्वनास गर्ने धम्की दिनुभएको छ|

- आईपीएल क्रिकेटमा, कोलकाताको ईडन गार्डन्समा हिजो कोलकाता नाइट राइडर्स अनि पंजाब किंग्स बीचको मैच वर्षाको कारण रद्द भएको छ।

## विधानसभा चुनाव - प्रचार अभियान

असम, केरलम अनि केंद्र शासित प्रदेश पुद्दुचेरीमा हुने विधानसभा चुनावका लागि प्रचार अभियान आज समाप्त हुनेछ। असमको 126 सीटहरु, केरलमको 140 सीटहरु अनि पुद्दुचेरीको 30 सीटहरुका लागि मतदान बिहीबारको दिन एकै चरणमा सम्पन्न हुनेछ।
हिजो वरिष्ठ भाजपा नेता अनि प्रधानमंत्री नरेंद्र मोदीले असमको बरपेटा, होजाई र डिब्रूगढ़मा जनसभाहरुलाई संबोधित गर्नुभयो । श्री मोदीले भाजपाले असममा लगातार तेस्रोपल्ट सरकार बनाउनेमा विश्वास व्यक्त गर्नुभयो। उहाँले राज्यको हरेक जिल्ला अनि क्षेत्रको विकास पार्टी अनि एनडीएको सर्वोच्च प्राथमिकता रहेको बताउनुभयो। उहाँले पछिलो दस वर्षमा असमले शांति अनि समृद्धिको समय देखेको बताउनुभयो। यसै बीच, तमिलनाडुमा एक चरणको मतदान अनि पश्चिम बंगालमा पहिलो चरणको मतदानका लागि दाखिल नामांकन पत्रहरुको जांच आज गरिनेछ। दुइ राज्यहरुमा नामांकन दाखिल गर्ने प्रक्रिया हिजो समाप्त भयो, जबकि उम्मीदवारले बिहिबारसम्म आफ्नो नाम फिर्ता लिन सक्ने छ।

## परावुर विधानसभा क्षेत्र – प्रोफाइल

केरलममा सबै 140 सीटहरुमा बिहिबार मतदान हुनेछ। निर्वाचन क्षेत्र अंतर्गत आज हामी एर्नाकुलम जिल्ला स्थित परावुर विधानसभा क्षेत्रको जानकारी दिइ रहेका छौ। थप जानकारी हाम्रो संवाददाताबाट..

## राष्ट्रपति-आंध्र प्रदेश अधिनियम

राष्ट्रपति द्रौपदी मुर्मुले आंध्र प्रदेश पुनर्गठन (संशोधन) विधेयक 2026 लाई मंजूरी दिनुभएको छ। यस अंतर्गत अमरावतीलाई आधिकारिक रुपमा आंध्र प्रदेशको एकमात्र अनि स्थायी राजधानी घोषित गरिएको छ।

## सरकार - पश्चिम एशिया

सरकारले पश्चिम एशियामा चलिरहेको संघर्ष बीच आश्वासन दिएको छ की देशमा खाद्यान्नको पर्याप्त भंडार छ। उपभोक्ता मामिला विभागका उच्च सचिव अनुपम मिश्राले पश्चिम एशियाको हालैको घटनाक्रमहरुमाथि नयाँ दिल्लीमा अंतर-मंत्रालय ब्रीफिंगलाई संबोधित गर्दै भन्नुभयो पश्चिम एशियामा चलिरहेको घटनाक्रमहरुको मध्येनजर खाद्य सुरक्षा स्थिति अनि मूल्य रुझानहरुमा कडा निगरानी राखिएको छ। उहाँले भन्नुभयो मूल्यहरुमा कुनै असामान्य उतार-चढ़ाव देखिएको छैन अनि अधिकांश वस्तुहरुको मूल्य स्थिर रहेको छ, जो पर्याप्त उपलब्धताको संकेत हो। दालहरुको उपलब्धतामा प्रकाश पर्दै श्री अनुपम मिश्राले भन्नुभयो दालहरुको उत्पादन पछिलो वर्षको तुलनामा अधिक हुने अनुमान गरिएको छ। उपभोक्ता मामिला बिभागका सचिवले बताए अनुसार आलू, टमाटर अनि प्याज जस्ता प्रमुख बागवानी फसलहरुको उत्पादन घरेलू मांगलाई पूरा गर्न पर्याप्त छ।

## प्रधानमंत्री - नागरिक परमाणु कार्यक्रम

तमिलनाडुको कलपक्कममा स्वदेशी रूपले डिजाइन अनि निर्मित **प्रोटोटाइप फास्ट ब्रीडर रिएक्टरले** क्रिटिकैलिटी प्राप्त गरेको छ। यसका साथै भारतको परमाणु ऊर्जा कार्यक्रममा एक महत्वपूर्ण उपलब्धि दर्ता भएको छ। प्रधानमंत्री नरेंद्र मोदीले यस ऐतिहासिक उपलब्धिको सराहना गर्नुभयो। हिजो राती सोशल मीडिया पोस्टमा, श्री मोदीले भन्नुभयो भारतले आफ्नो नागरिक परमाणु ऊर्जा यात्रामा एक निर्णायक कदम उठाइरहेको छ, जसले देशको तीन चरणमा हुने परमाणु कार्यक्रमको दोस्रो चरणलाई अघि बढ़ाउने छ।

रिएक्टरको तकनीकी महत्वलाई रेखांकित गर्दै, प्रधानमंत्रीले भन्नुभयो यो उन्नत रिएक्टर, जो खपत भन्दा अधिक ईंधन उत्पादन गर्नमा सक्षम छ, देशको वैज्ञानिक क्षमता अनि इंजीनियरिंग कौशल मजबूतीलाई दर्शाउद छ। प्रधानमंत्रीले यस कार्यक्रमको तेस्रो चरणमा भारतको विशाल थोरियम भंडारको उपयोगको दिशामा एक निर्णायक कदम पनि बताउनु भयो। साथै, श्री मोदीले परियोजनामा सामेल वैज्ञानिकहरु अनि इंजीनियरहरुलाई बधाई दिनुभयो।

तमिलनाडुको कलपक्कम स्थित 500 मेगावाट विद्युत क्षमता भएको **फास्ट ब्रीडर रिएक्टर** (पीएफबीआर) **भारतीय नाभिकीय विद्युत निगम लिमिटेड** द्वारा संचालित छ। यो भारतको दीर्घकालिक परमाणु रणनीतिको एक महत्वपूर्ण भाग हो।

## सीतारामन- एनआईपीएफपी

वित्तमंत्री निर्मला सीतारामनले भन्नुभयो भारतको कर प्रणाली सरलीकरण, प्रौद्योगिकी, विश्वास अनि पारदर्शिताको दिशामा विकसित भएको छ, जसले राजकोषीय क्षमता मजबूत भइरहेको छ। नयाँ दिल्लीमा राष्ट्रीय सार्वजनिक वित्त अनि नीति संस्थानको स्वर्ण जयंती समारोहलाई संबोधित गर्दै उहाँले भन्नुभयो पछिलो एक दशकमा देशको राजस्व प्रणालीमा अभूतपूर्व परिवर्तन आएको छ।

वित्तमंत्रीले भन्नुभयो सरकारले राजकोषीय नीतिको दिशालाई उपभोग-आधारित घाटाबाट उत्पादक निवेश-आधारित समेकनलाई अझ विश्वसनीय रूपले बद्लेको छ।

## राज्सभा - लोकसभा प्रस्ताव खारिज

राज्यसभाका सभापति सी. पी. राधाकृष्णन अनि लोकसभा अध्यक्ष ओम बिरलाले मुख्य निर्वाचन आयुक्त **ज्ञानेश कुमार** बिरुद्ध महाभियोग प्रस्तावलाई खारेज गरेको छ| राज्यसभा सचिवालय अनि लोकसभा सचिवालयले अलग-अलग जानकारी दिँदै बताउनु भयो प्रस्तावमा विधिवत विचार अनि सबै संबंधित आयामहरुमा निष्पक्ष आकलन पछि, राज्यसभा सभापति अनि लोकसभा अध्यक्षले यस प्रस्तावलाई अस्वीकार गरिदियो।

## ट्रंप ने ईरान को दी धमकी

अमरीकाका राष्ट्रपति डॉनल्ड ट्रंपले ईरानलाई आज रातीसम्म समझौता सहमत नभए चार घंटाभित्र ईरानलाई पूर्ण रुपमा सर्वनास गर्ने धम्की दिनुभएको छ| उहाँले बिजुली संयंत्रहरु अनि पुलहरुमा हमलाको आशंका जताउनु भयो अनि संभावित युद्ध

अपराधका आरोपहरुलाई खारेज पनि गर्नुभयो| व्हाइट हाउसमा संवाददाता सम्मेलनमा ट्रंपले भन्नुभयो "अमरीकासित एक योजना छ, सैन्य शक्तिको बलमा, आज राती 12 बजेसम्म ईरानको हरेक पुल ध्वस्त गरिनेछ, ईरानको हरेक बिजुली संयंत्रलाई नष्ट गरिने छ अनि यो सबै चार घंटा भित्र हुनेछ।"

उहाँले ईरानदेखि पूर्वी समयानुसार आज राती 8 बजेसम्म अमरीकासित समझौता गर्न अनि होर्मुज जलडमरूमध्यलाई तेलको निर्बाध आवाजाहीका लागि खोल्न भनेको छ।

**अनिवार्य घोषणा - पब्लिक स्पीक**

आकाशवाणीको

**नेपालमा सार्वजनिक बिदाहरू**

पश्चिम एसियामा

**बांग्लादेश - खसरा**

बांग्लादेशमा पछिल्लो

**आईपीएल-क्रिकेट**

आई.पी.एल. क्रिकेटमा